# सामूहिक खेती प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

प्रस्तावना: उपलब्ध कृषि जमिनको अधिकतम उपयोगका लागि जमिनको चक्लाबन्दी वा एकिकृत गरी उन्नत प्रविधि अवलम्बन गर्दे यान्त्रीकरण मार्फत कृषि क्षेत्रलाई आधुनिक, प्रतिष्पर्धी र व्यवसायिक बनाउन सामूहिक खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न आवश्यक भएकाले मन्त्रिपरिषदबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा: (१) यस कार्यविधिको नाम "सामूहिक खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कृषि उपज" भन्नाले कृषि, मत्स्य, मौरी, पशुपन्छी, सुगन्धित र जडिबुटी लगायतका बाली र बस्तुलाई सम्झनु पर्छ ।

☼(क१) "कार्यान्वयन तथा सहजिकरण समिति" भन्नाले दफा ५(१) को बमोजिम गठित समिति सम्झनु पर्छ।

☼(क२) "घुम्ती गोदाम सेवा" भन्नाले कृषि उपजहरु एक स्थानबाट अर्को स्थान सम्म ओसार पोसार गरी कृषि उपजहरुको जीविततको समय ( shelf life) वृद्धि गर्न प्रयोग गरिने उपकरणहरु सहितको मोबाईल गोदाम सम्झनु पर्छ ।

☼(क३) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतका कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(घ) "मूल्याङ्कन समिति" भन्नाले दफा ६ को बमोजिम गठित समिति सम्झनु पर्छ।

(ङ) "विज्ञ केन्द्र" भन्नाले यस प्रदेश अन्तर्गतका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

☼ पहिलो संशोधनद्वारा थप गरिएको

(च) **"साझेदारी संस्था"** भन्नाले यस कार्यविधि अनुरुप सामूहिक खेती प्रवर्धन कार्यक्रममा सहभागी हुन इच्छुक कृषि सहकारी, कृषक समूह, कृषि उद्यमी, कृषि उद्योग तथा व्यवसायीक कृषि फार्म सम्झनु पर्छ ।

(छ) **"साना पूर्वाधार"** भन्नाले जमिन चक्लाबन्दी गर्ने, जमिन सम्याउने, साना सिंचाई, साना कृषि सडक (एकीकृत र चक्लाबन्दी गरिएको जमिनमा हुने भित्री बाटो), संकलन केन्द्र, मल/बिउ/विषादी/औजार उपकरण बिक्रि कक्ष, थोक तथा खुद्रा/हाट बजार निर्माण, प्याकिङ्ग हाउस, ग्रिन हाउस निर्माण, पशु गोठ,पशु बधस्थल, बधशाला, पोखरी निर्माण, मौरी लगायत र कृषि जन्य उद्योगसँग सम्बन्धित पूर्वाधार सम्झनु पर्छ ।

(ज) **"सामूहिक खेती"** भन्नाले कृषि उपज उत्पादन, सेवा प्रवाह लगायतका कृषि जन्य क्रियाकलाप अधिकत्तम सामूहिक रुपमा हुने, *जमिनको क्षेत्रफल र लगानीको आधारमा साझेदार संस्था स्वयंले तयार गरी स्वीकृत गरेको विधान अनुसार प्रतिफल बाँडफाँड गर्ने गरी कृषि सहकारी, कृषक समूह/समिति र निजी क्षेत्रको साझेदारीमा सामूहिक खेती गरेको र तोकिएको निकायमा सामूहिक खेती समितिको नामले दर्ता गरी सम्बन्धित ज्ञान केन्द्र / विज्ञ केन्द्रमा सूचिकृत भएको साझेदार संस्था सम्झनु पर्छ ।

(झ) **"सामूहिक खेती व्यवस्थापन समिति"** भन्नाले दफा ५ को खण्ड (घ) बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ञ) **"स्थानीय तह"** भन्नाले यस प्रदेश भित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्छ ।

(ट) **"ज्ञान केन्द्र"** भन्नाले यस प्रदेश अन्तर्गतका कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

३. <u>उद्देश्य</u>: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् :-

(क) खेती गरिने जमिनलाई एकीकृत वा चक्लाबन्दी गरी आधुनिक र व्यवसायिक कृषिको प्रवर्धन गर्ने,

(ख) साना तथा सिमान्तकृत कृषकहरुको आयस्रोत तथा जीवनस्तर अभिवृद्धि गर्ने,

(ग) स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने,

(घ) बृहत्तर कृषि उत्पादनका लागि विशिष्टीकृत क्षेत्रहरु निर्माण गर्ने ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन

४. <u>प्रस्ताव आव्हान</u>: (१) सामूहिक खेती सञ्चालन गर्न इच्छुक कृषक सदस्य भएका साझेदार संस्थाबाट प्रस्ताव पेश गर्न *निर्देशनालय वा विज्ञ केन्द्र वा ज्ञान केन्द्रले ३० दिने म्याद दिई राष्ट्रिय स्तरको

---

* पहिलो संशोधनद्वारा संशोधित

पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरिनेछ। निवेदनको ढाँचा अनुसूची -१ मा उल्लेख भए बमोजिम हुनेछ। *अनुसूची-२ मा उल्लेख भए बमोजिम सामूहिक खेति सम्बन्धी योजना प्रस्ताव पेश गर्नुपर्नेछ । प्रस्तावमा उल्लेख गरिएका ठोस क्रियाकलापहरुको प्राविधिक डिजाइन तथा इस्टिमेट साथमा उत्पादन प्रक्षेपण र आर्थिक विश्लेषण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। साथै प्रस्ताव सहित विस्तृत परियोजना प्रस्ताव ( Detail Project Design) पेश गर्नुपर्नेछ ।

(२) *यो कार्यक्रम पहिलो चरणमा चितवन र सिन्धुली जिल्ला, दोश्रो चरणमा नुवाकोट र सिन्धुपाल्चोक जिल्लाहरुमा सञ्चालन हुनेछ । अगामी आ.व.हरुमा आवश्यकता र औचित्यताको आधारमा अन्य जिल्लाहरुमा क्रमश सञ्चालन गरिदै लगिनेछ ।

५. <u>निवेदन दिन आवश्यक योग्यता</u>: निवेदन दिन आवश्यक योग्यता देहाय बमोजिम हुनेछ ।

(क) यस कार्यक्रमका लागि तोकिएको स्थानमा कार्यक्रम संचालन गर्न इच्छुक साझेदार संस्थाहरुले आवेदन दिन सक्नेछन् ।

☼(क१) साझेदार संस्थाले कम्तिमा १०० बिघा जमिनमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ र त्यसका लागी नियमानुसार प्रमाण पुर्याउनु पर्नेछ।

☼(क२) साझेदार संस्थामा आर्बद्ध हुने सदस्यको न्यूनितम १ कट्ठा वा १ रोपनी बराबरको एक सेयर कायम गर्ने र सोही अनुसार प्रतिफल बाँडफाँड गर्नु पर्नेछ ।

(ख) निवेदक प्रचलित कानून बमोजिम साझेदार संस्था दर्ता भएको हुनुपर्नेछ ।

(ग) निवेदकले कानून अनुसार पुरा गर्नु पर्ने सबै दायित्वहरु जस्तै लेखापरिक्षण, करचुक्ता, नविकरण पुरा गरेको हुनुपर्नेछ । यस आ.व.मा दर्ता भएकाको हकमा लागू हुने छैन ।

(घ) आवेदकले सामूहिक खेती कार्यान्वियनका लागि उक्त क्षेत्रमा बढीमा नौ सदस्यीय सामूहिक खेती व्यवस्थापन समिति गठन गर्नु पर्नेछ । उक्त समितिले सम्झौतामा उल्लेख भए बमोजिमको स्वीकृत कार्यक्रम कार्यान्वियन गर्ने, आवद्ध कृषक घरधुरीलाई सामूहिक खेती संचालनका लागि परिचालन, नियमन, अनुगमन, समन्वय, प्रतिवेदन लगायत कार्य गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको समितिको गठन तथा कार्य सञ्चालन विधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

☼(५ १) <u>कार्यान्वयन तथा सहजिकरण समिति</u> : (१) सामूहिक खेती प्रवर्द्धन कार्यक्रम निर्देशन, कार्यान्वयन तथा सहजीकरण गर्न निर्देशनालय स्तरीय सामूहिक खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन तथा सहजीकरण गर्न एक समिति गठन हुनेछः

(क) प्रमुख, कृषि विकास निर्देशनालय — संयोजक

---

* पहिलो संशोधनद्धारा संशोधित

☼ पहिलो संशोधनद्धारा थप गरिएको

(ख) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय — सह-संयोजक
(ग) उप-सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय — सदस्य
(घ) वरिष्ठ अधिकृत, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय — सदस्य
(ङ) प्रमुख, सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र/ पशु सेवा विज्ञ केन्द्र — सदस्य
(च) अधिकृत प्रतिनिधि (कृषि-१, पशुपन्छी-१), भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय — सदस्य
(छ) प्रमुख, योजना शाखा, कृषि विकास निर्देशनालय — सदस्य-सचिव

(२) निर्देशनालय स्तरीय सामूहिक खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन तथा सहजिकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) सामूहिक खेती प्रवर्द्धन कार्यक्रमलाई कार्यान्वयन गर्न सहजीकरणको भुमिका निर्वाह गर्ने।
(ख) सामूहिक खेति प्रणली मार्फत कृषि क्षेत्रको विकास गर्ने प्रदेश सरकारको उद्देश्य पुरा गर्न प्रचलित नियमानुसार विभिन्न निकायसँग समन्वय गर्ने।
(ग) सामूहिक खेति कृषक समिति गठन तथा सम्बन्धित निकायमा दर्ताको लागि पहल गर्ने ।
(घ) कार्यक्रम कार्यान्वयनको क्रममा कुनै अप्ठ्यारो समस्या आईपरेमा सो को समाधानको लागि आवश्यक पहल गर्ने।
(ङ) कार्यक्रम कार्यान्वयन गर्न प्रादेशिक र संघीय सरकारी निकाय, अर्धसरकारी, सहकारी, संघ, सँस्थाहरु र अन्य सरोकारवालाहरुसँग आवश्यक छलफल गरी राय सुझाव लिने।
(च) सामूहिक खेति कृषक समितिको व्यवसायिक योजना, वार्षिक कार्यक्रम तथा प्रतिवेदन तयारीमा सहजीकरण गर्ने ।
(छ) कृषि तथा पशुपन्छी विकास क्षेत्रमा विकास भएका नविनतम प्रविधिहरुको अध्ययन,अवलोकन तथा अवलम्वन गर्न सहजीकरण गर्ने ।
(ज) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयवाट तोकिएका अन्य कार्यहरु गर्ने ।

६. <u>मूल्याङ्कन समिति</u> : (१) प्रस्ताव मूल्याङ्कन गरी साझेदार संस्था छनौटको सिफारिस गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद अन्तरिम कार्यविधि, २०७५ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

(२) प्रचलित कानूनमा व्यवस्था भएको अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि *निर्देशनालय/ज्ञान केन्द्र/ विज्ञ केन्द्रमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि *निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्रमा पेश गर्ने ।

७. <u>प्रस्ताव स्वीकृति र जानकारी</u>: *निर्देशनालय वा ज्ञान केन्द्र वा विज्ञ केन्द्रले स्वीकृत गरेका प्रस्ताव सम्बन्धित साझेदार संस्थाहरुलाई यथाशिघ्र जानकारी गराउनु पर्नेछ।

८. <u>सम्झौता र कार्यान्वयन</u>: (१) *दफा ७ बमोजिम स्वीकृत प्रस्तावकलाई निर्देशनालय/ ज्ञान केन्द्र/ विज्ञ केन्द्रले सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधि दिई जानकारी गराउनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने साझेदार संस्थासँग सम्बन्धित ज्ञान केन्द्रले अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआउने साझेदार संस्थाको छनौट स्वतः रद्द भएको मानी क्रमशः दोस्रो, तेस्रो क्रममा रहेका प्रस्तावकलाई सात दिनको समयावधि दिई सम्झौता गर्न सकिनेछ ।

(४) दफा ७ बमोजिम प्रस्ताव आव्हान गर्दा प्रस्ताव नपरेमा वा एक मात्र प्रस्ताव परी सम्झौता गर्न नआएमा पुनः सात दिनको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सकिनेछ ।

९. <u>सञ्चालन गरिने क्रियाकलाप</u>: (१) सामूहिक खेती सञ्चालन गर्न साझेदार संस्थाले देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

(क) जमिन सम्याई चक्लाबन्दी गर्ने,

(ख) सामाजिक परिचालन, संस्था निर्माण र सशक्तिकरण बारे तालिम, गोष्ठी सञ्चालन गर्ने,

(ग) कार्यविधि र कार्यक्रम बारे अभिमुखीकरण संचालन गर्ने,

(घ) आवश्यक पर्ने उत्पादन सामग्रीहरुको (बिउ बिजन, बिरुवा मल, बिषादी, पशु नश्ल,पशु औषधि, माछा दाना,मौरी घार लगायतका) मात्रा तथा गुणस्तर पहिचान गरी सो को आपूर्ति गर्ने,

(ङ) साना पूर्वाधारहरुको (जमिन चक्लाबन्दी गर्ने, जमिन सम्याउने, साना सिंचाइ, साना कृषि सडक, संकलन केन्द्र, मल/बिउ/बिषादी/औजार उपकरण बिक्रि कक्ष, थोक तथा खुद्रा /हाट बजार निर्माण, प्याकिङ्ग हाउस, ग्रिन हाउस निर्माण, पशु गोठ, वधशाला, वधस्थल, पोखरी निर्माण लगायत) निर्माण तथा मर्मत सम्भार गर्ने,

(च) कृषि यान्त्रिकरणका लागि यन्त्र उपलब्ध गराउने,

(छ) कृषि उपजहरुको सुरक्षित भण्डारणको प्रवन्ध मिलाउने,

---

* पहिलो संशोधनद्वारा संशोधित

(ज) सरकारी-निजी-सहकारी, सरकारी-निजी वा सरकारी-सहकारीको साझेदारीमा प्रशोधन उद्योग स्थापना र सञ्चालन गर्ने,

(झ) आधुनिक,उन्नत एवं दिगो कृषिका प्रविधिहरुको विकास एवं प्रसार सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(ञ) कृषि उपजको उचित मूल्य र बजारको सहज पँहुचको व्यवस्था मिलाउने,

(ञ१)☼कृषि उपजको उचित व्यवस्थापन गर्नको लागि घुम्ती गोदाम सेवा ( mobile storage facilities) सञ्चालन गर्न सकिनेछ,

(ट) सामूहिक खेती सञ्चालनमा सहभागी कृषकहरुको लाभ र निर्वाहको उचित व्यवस्था गर्ने,

(ट१)☼सरकारी सहकारी तथा निजी क्षेत्रको संयुक्त साझेदारीमा कृषक समूहहरु समेतलाई संगठित गरी पब्लिक कम्पनिले सामुहिक खेती कृषि उद्योगको रुपमा स्थापना गरी *व्यबसायीक रुपमा सञ्चालन गर्ने,*

(ठ) स्वीकृत वार्षिक कार्यक्रम अनुसार अन्य प्रवर्धनात्मक र उत्पादनमूलक क्रियाकलाप सञ्चालन गर्ने।

(२) उपदफा (१) बमोजिम क्रियाकलाप सञ्चालन गर्नका लागि साझेदार संस्थाले सम्बन्धित ज्ञान केन्द्र र विज्ञ केन्द्रसँग समन्वय गर्नुपर्नेछ ।

१०. <u>अनुगमन तथा मूल्याङ्कन</u>: (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय र मातहतका कार्यालयहरुले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद- ३
## आर्थिक पक्ष

११. **कार्यक्रम सञ्चालनको आर्थिक पक्ष**: (१) दफा ९ बमोजिमका क्रियाकलाप सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही सामूहिक खेती गर्ने साझेदार संस्थालाई आयोजनाको कूल लागतको बढीमा सत्तरी प्रतिशत अनुदान उपलब्ध गराइनेछ । ☼यस कार्यक्रमलाई बहुबर्षिय कार्यक्रमको रुपमा सञ्चालन गरीनेछ । यसरी सञ्चालन गरिने क्रियाकलापहरु मध्ये कृषि औजार उपकरण सम्बन्धी क्रियाकलापको हकमा अनुदानको प्रतिशत "कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि ,२०७५" (दोश्रो संशोधन, २०७६) बमोजिम हुनेछ ।

---

☼ पहिलो संशोधनद्धारा थप गरिएको

(२) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्टयाइने छ र त्यसको खर्च सूचना प्रकाशन, बैठक भत्ता, अनुगमन तथा मूल्याङ्कन, इन्धन लगायतमा गर्नु पर्नेछ ।

(३) साझेदार संस्थालाई उपलब्ध गराइने अनुदान तीन किस्तामा उपलब्ध गराइनेछ । कार्य प्रगति र सुपरिवेक्षणको आधारमा साझेदार संस्थाले पेश गरेको रनिङ्ग/अन्तिम बिललाई प्राविधिकको सिफारिसमा बढीमा तीन किस्तामा भुक्तानी गरिनेछ। यसरी भुक्तानी गर्दा पहिलो किस्ता बीस, दोस्रो किस्ता चालीस र तेस्रो किस्ता चालीस प्रतिशतका दरले भुक्तानी गरिनेछ। बैंक जमानतको आधारमा अनुदान रकमको प्रथम किस्ता बापतको रकम बीस प्रतिशत मोविलाइजेशन पेश्की उपलब्ध गराउन सकिनेछ । साथै अन्तिम किस्ता भुक्तानीका लागि पेश गर्दा कार्य सम्पन्न प्रतिवेदन पेश गरी मन्त्रालयबाट स्वीकृति भए पश्चात मात्र भुक्तानी गरिनेछ । नेपाल सरकारको नियमानुसार अग्रिम आयकर कट्टा गरिनेछ।

(४) साझेदार संस्थाले निर्धारित कार्यक्रम अनुसार खर्च गरी प्रचलित कानून बमोजिम लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद-४

## विविध

१२. **कारबाहीको व्यवस्था:** (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई ज्ञान केन्द्रले अनुदान रोक्का गर्नेछ ।

(२) साझेदार संस्थाले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट दोब्बर जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

१३. **बाधा अडचन फुकाउने:** यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले बाधा अडचन फुकाउन सक्नेछ ।

१४. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची -१
(दफा ४ सँग सम्बन्धित)
प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७ /  /

*भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ अन्तर्गतको कृषि विकास निर्देशनालय/ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/ कृषि ज्ञान केन्द्र............/ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र..............ले आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम सामूहिक खेती प्रवर्धन कार्यक्रम संचालन कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्न ............................................... का कृषि सहकारी, कृषक समूह, कृषि उद्यमी, कृषि उद्योग तथा व्यवसायिक कृषि फार्महरुले यो सूचना प्रकाशित भएको ३० औं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी तपशिल बमोजिमका कागजात सहित निवेदन साथ अनुसुची-२ बमोजिमको प्रस्ताव कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१. रु. १० को हुलाक टिकट टाँस गरेको निवेदन,
२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) दर्ता/नविकरण प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि,
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि,
५. जग्गाको लालपूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए सो प्रमाणको प्रतिलिपि,
६. प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायबाट अनुदान लिए/नलिएको प्रतिबद्धता-पत्र,
७. प्रस्ताव अनुसारको लागत अनुमान ।

---

* पहिलो संशोधनद्वारा संशोधित

अनुसूची -२

(दफा ४ सँग सम्बन्धित)

प्रस्ताव-पत्र

| | | | | | |
|---|---|---|---|---|---|
| क) प्राविधिक प्रस्तावः | | | | | |
| १ | प्रस्तावित कार्यक्रम को नाम | | | | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | | | | |
| ३ | आवदेकको नाम | | | | |
| ४ | ठेगाना | | | | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | | | | |
| ६ | आवेदकको email address | | | | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | | | | |
| ८ | दर्ता भएको निकार्य दर्ता मिति | | | | |
| ९ | आवेदक संस्थाको उमेर (दर्ता वा स्थापना पश्चातको अवधी वर्षमा) | | | | |
| १० | भ्याट /पान दर्ता नम्बर | | | | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | | | | |
| १२ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकमरु. | | | | |
| १३ | मन्त्रालयसँग माग गरेको रकम रु. | | | | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | | | | |
| १४.१ | | | | | |
| १४.२ | | | | | |
| १४.३ | | | | | |
| १४.४ | | | | | |
| १४.५ | | | | | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिकपूर्वाधारहरुः | | | | |
| १५.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | | |
| १५.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | | |
| १५.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | | |
| १५.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | | |
| १६ | प्रस्तावित कार्यक्रमवाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | |
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पुरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |
| १८ | प्रस्तावित कार्यक्रमवाट सम्पन्न गरिने कृयाकलापहरुको विवरणः | | | | |

| | |
|---|---|
| १८.१ | |
| १८.२ | |
| १८.३ | |

**१९** कृयाकलाप कार्यान्वयन योजना:

| | योजना | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | वैशाख | जेष्ठ | आषाढ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९.१ | | | | | | | | | | | | | |
| १९.२ | | | | | | | | | | | | | |
| १९.३ | | | | | | | | | | | | | |
| १९.४ | | | | | | | | | | | | | |

**२०** कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदा गत रुपमा सम्भव भए परिमाण समेत खुलाउने):

| | अपेक्षित उपलब्धिहरु | परिमाण |
|---|---|---|
| २०.१ | | |
| २०.२ | | |
| २०.३ | | |
| २०.४ | | |

**२१** प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउने:

| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु. |
|---|---|---|
| २१.१ | | |
| २१.२ | | |
| २१.३ | | |
| २१.४ | | |

**२२** प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेख नियकार्यहरु(प्रस्तावित कार्यक्रम संग मेलखाने मात्र):

| | |
|---|---|
| २२.१ | |
| २२.२ | |
| २२.३ | |
| २२.४ | |

| | | |
|---|---|---|
| २३ | उपरोक्त कार्यसम्पादनका लागी भएको लगानी रकम रु. | |

**२४** प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने :

| अनुभव तथा तालिमहरु | अवधी |
|---|---|

| | | | |
|---|---|---|---|
| २४.१ | | | |
| २४.२ | | | |
| [illegible] | | | |
| २४.४ | | | |
| २५ | प्रस्तावक सगं विद्यमान जनशक्ति विवरणः | | |
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालीमको नाम र अवधी |
| २५.१ | | | |
| २५.२ | | | |
| २५.३ | | | |
| २५.४ | | | |
| २६ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्याः | | |

**ख) आर्थिक प्रस्तावः**

प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क्र. सं. | मुख्य-मुख्य कृयाकलापहरु | ईकाई | परिमाण | प्रति ईकाई दर | कुल लागत रकम रु. | प्रस्तावकको योगदान रु. | कार्यालयबाट अनुदान रु. | प्रस्तावकले बेहोर्ने रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| जम्मा रकम रु. | | | | | | | | |
| VAT रकम रु. | | | | | | | | |
| कुल जम्मा रकम रु. | | | | | | | | |

उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहिं कतै झुठोठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं।

प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छाप | |

अनुसूची -३
(दफा ८ सँग सम्बन्धित)
## सम्झौता पत्र

*भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. तीन, हेटौडा, अन्तर्गतको कृषि विकास निर्देशनालय / पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय /कृषि ज्ञान केन्द्र..................... / भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र............................को आ.व. .......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लागत साझेदारीमा आधारित सामूहिक खेती प्रवर्धन कार्यक्रम सञ्चालन सम्वन्धी मिति ......... गतेको......... राष्ट्रिय दैनिक /स्थानिय साप्ताहिक /स्थानिय दैनिक पत्रिकामा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये श्री............................................को प्रस्ताव छनौट भएको हुंदा कृषि ज्ञान केन्द्र............................वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र........................... (यसपछि प्रथम पक्ष भनिने) र श्री ..................(यस पछि दोस्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम सञ्चालनका लागि द्वि-पक्षिय सम्झौता गरि बुझिलियौं/दियौं।

तपशिल:

१. प्रथम पक्षले लागत साझेदारीमा आधारित कार्यक्रम संचालनको लागि विनियोजित रु. .................. मध्ये *दुई प्रतिशत कन्टिन्जेन्सी वापतको रु ..........कट्टा गरी दोश्रो पक्षलाई रु............ (अक्षरुपी..........................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ।
२. दोश्रो पक्षले बाँकी रकमको व्यवस्था गरी प्रदेश नं. तीन को ................ महानगरपालिका /उप-महानगरपालिका /नगरपालिका /गाउँपालिका, ...... नं. वडाको .................. भन्ने स्थानमा.....................सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ।
३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव बमोजिम उच्च गुणस्तर कायम राखी निर्धारित समयभित्र कार्य सम्पन्न गर्नेछ।
४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, इष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था लगायतका कुरा दोश्रो पक्षले गर्नेछ।
५. दोश्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानी बाट सम्पन्न भएको कामको नियमानुसारको बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र आवस्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष निवेदन पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरे दोश्रो पक्षलाइ प्रथम पक्षले किस्तावन्दीमा रकम भुक्तानी दिनेछ।
६. प्रथम पक्षले कुनै पनि वखत सञ्चालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता बमोजिम कार्य भए/नभएको हेर्न र आवस्यक सल्लाह सुझाब दिनसक्नेछ।

* पहिलो संशोधनद्धारा संशोधित

७. दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा अनिवार्यरुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ।

८. कार्यक्रम सन्चालनका दौरान वा सम्पन्न भएपश्चातको सन्चालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु सम्बन्धित कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

१०. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवैपक्षको आपसी सहमती अनुसार हुनेछ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवैपक्षको आपसी सहमती अनुसार हुनेछ।

१२. सम्झौता अनुरुप काम नगर्ने दोस्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ । सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा दोस्रो पक्षबाट दश प्रतिशत हर्जना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

| दोस्रो पक्षको तर्फबाटः | प्रथम पक्षको तर्फबाटः |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| साझेदार संस्थाः | कार्यालयः |
| साझेदार संस्थाको छापः | कार्यालयको छापः |

**रोहवर/साक्षी**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| साझेदार संस्थाः | कार्यालयः |
| साझेदार संस्थाको छापः | कार्यालयको छापः |

इतिसम्वत् ............... साल ................. महिना ......... गतेरोज ........ शुभम्।